# बर्दघाट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

प्रदेश नं. ५ नेपाल


**यस नगरपालिका अन्तर्गतका नदीहरुबाट ढुंगा, गिट्टी, बालुवा संकलनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने बारे सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५/९/२२

बर्दघाट नगरपालिका क्षेत्र भएर बग्ने उल्लेखित ३ वटा खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा संकलन गर्ने कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ (पछिल्लो संशोधन) को नियम(३) अनुसूची १ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को अध्ययन गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने क्रममा नियम ७ को उपनियम २ बमोजिम सो प्रस्ताव कार्यान्वयन गर्दा प्रस्ताव क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यसका अवयवहरु तथा ती अवयवहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्ने प्रभावको बारेमा सम्बन्धित नगरपालिकाका वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, सम्बन्धित अन्य निकाय र सरोकारवाला व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई सहयोग गरिदिन हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | खोला/नदी | नदीसँग जोडिएको वडा नं |
|---|---|---|
| १ | सुखौरा खोला | बर्दघाट, वडा नं. २ र १० |
| २ | आम्बास खोला | बर्दघाट, वडा नं. २ र १० |
| ३ | खजुरा खोला | बर्दघाट, वडा नं.५, ७, १४ र १६ |


राय सुझाव पठाउने ठेगाना :

बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दघाट, नवलपरासी

मो. ९८५७६४३१११

ईमेल: bardghat.municipality@gmail.com


(चिरञ्जीवी गिरी)

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत